## आँधीखोला गाउँ कार्यपालिकाको
## ६१ औं बैठक

आज मिति २०८२ साल असोज ७ गते मङ्गलबारका दिन यस आँधीखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा गाउँपालिकाका अध्यक्ष श्री विश्वनाथ पौडेल ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बसेको कार्यपालिकाको बैठकमा निम्न बमोजिमका प्रस्तावहरुमाथि छलफल गरि देहाय बमोजिम निर्णय गरियो ।

### उपस्थिति

| दस्तखत | नाम थर | पद |
|---|---|---|
| | श्री विश्वनाथ पौडेल | अध्यक्ष, आँधीखोला गाउँपालिका |
| | श्री सिता थापा | उपाध्यक्ष, आँधीखोला गाउँपालिका |
| | श्री नारायण प्रसाद सापकोटा | सचिव, आँधीखोला गाउँपालिका |
| | श्री पवनकाजी अधिकारी | वडा अध्यक्ष, आँधीखोला गाउँपालिका |
| | श्री कमल प्रसाद पौडेल | वडा अध्यक्ष, आँधीखोला गाउँपालिका |
| | श्री शेरवहादुर कार्की | वडा अध्यक्ष, आँधीखोला गाउँपालिका |
| | श्री सिंह वहादुर क्षेत्री | वडा अध्यक्ष, आँधीखोला गाउँपालिका |
| | श्री कृष्ण प्रसाद पनेरु | वडा अध्यक्ष, आँधीखोला गाउँपालिका |
| | श्री नविन ढकाल | वडा अध्यक्ष, आँधीखोला गाउँपालिका |
| | श्री कल्पना शर्मा पौडेल | सदस्य, आँधीखोला गाउँपालिका |
| | श्री थान कुमारी सुवेदी | सदस्य, आँधीखोला गाउँपालिका |
| | श्री गोमा पौडेल पोखेल | सदस्य,आँधीखोला गाउँपालिका |
| | श्री गोमादेवी सुनार | सदस्य, आँधीखोला गाउँपालिका |
| | श्री टीकाराम नेपाली | सदस्य, आँधीखोला गाउँपालिका |
| | श्री बल वहादुर सुनार | सदस्य, आँधीखोला गाउँपालिका |
| | अन्य उपस्थिती | |
| | श्री प्रकाश पौडेल | ईन्जिनियर, आँधीखोला गाउँपालिका |
| | श्री रोशन लामिछाने | सू.प्र. अधिकृत, आँधीखोला गाउँपालिका |
| | श्री आजाद पौडेल | लेखापाल, आँधीखोला गाउँपालिका |



Scanned with OKEN Scanner

६१ औं कार्यपालिका बैठक
२०८२/०६/०७ गते मंगलबार

**प्रस्तावहरु**

१) अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
२) अघिल्लो कार्यपालिका बैठकका निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा ।
३) सेवा प्रवाह तथा समसामयिक अवस्थाको समीक्षा सम्बन्धमा ।
४) टोल विकास संस्था अनुशिक्षण सम्बन्धमा ।
५) सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण अनुमोदन गर्ने सम्बन्धमा।
६) ग्रामीण मोटरबाटो सरसफाई सम्बन्धमा।
७) धरौटी फिर्ता सम्बन्धमा ।
८) विविध ।

**निर्णयहरु**

**निर्णय नं. १**

मिति २०८२/०५/०६ गते बसेको ६० औं कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनका सम्बन्धमा समीक्षात्मक छलफल भयो। बैठकका निर्णयहरु कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो।

**निर्णय नं. २**

गाउँ कार्यपालिकाको कार्यालय तथा यस अन्तर्गतका वडा कार्यालय एव्म अन्य शाखाबाट प्रदान गरिएका सेवा प्रवाहको सम्बन्धमा समिक्षा गरियो। पालिकाबाट प्रदान गरिने सेवालाई थप नागरिकमैत्री र प्रविधिमैत्री बनाउँदै लैजाने। यही भाद्र २४ गते जेन. जी आन्दोलनको समयमा पालिकामा भएको सरकारी सम्पत्तिको तोडफोड तथा आगजनीको प्रयास प्रति खेद व्यक्त गर्ने साथै तोडफोड गरि फुटाइएका मार्वल, गमला लगायतका सामग्रीलाई उचीतरुपमा पुन: व्यवस्थापन गर्ने।

**निर्णय नं. ३**

पालिकाभित्र रहेका टोल विकास संस्थाका पदाधिकारीको क्षमता विकास एवम् संस्थाको काम, कर्तव्य र अधिकार क्षेत्रका सम्बन्धमा २०८२/०६/२८ र २९ गते दुई दिने अनुशिक्षण कार्यक्रम संचालन गर्ने।

**निर्णय नं. ४**

चालू आ. व. ०८२/८३ का योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सबै वडामा दशैं र तिहारको बिच अवधिमा उपभोक्ता समिति गठन गर्ने सम्बन्धि योजना शाखाबाट पेश भएको कार्यतालिका स्वीकृत गर्ने।

Scanned with OKEN Scanner